संघीय संसद
राष्ट्रिय सभा
पन्ध्रौं अधिवेशन
बैठक-१५
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०१:१५ बजे*
*बैठक स्थगित : ०१: २० बजे*

२०८० चैत ५ गते, सोमवार

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको पन्ध्रौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न ०१:१५ बजे प्रारम्भ भयो।

सम्माननीय अध्यक्षले प्रतिनिधि सभा सदस्य मन्जु शर्मा अन्सारको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव सभामा प्रस्तुत गर्नुभयोः

"प्रतिनिधि सभा सदस्य मन्जु शर्मा अन्सारको मिति २०८० साल चैत ४ गते आइतबार उपचारको क्रममा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय अन्सारी जनता समाजवादी पार्टीको तर्फबाट २०७९ सालको प्रतिनिधि सभामा समानुपातिक सदस्य हुनुहुन्थ्यो ।

यो बैठक स्वर्गीय अन्सारीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

त्यसपछि, सम्माननीय अध्यक्षले उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनु हुन अनुरोध गर्नुहुँदा सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

तत्पश्चात् सभाले प्रतिनिधि सभा सदस्य मन्जु शर्मा अन्सारीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८० साल चैत ७ गते बुधबार बिहान ११ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्म प्रसाद पाण्डेय
महासचिव